# राष्ट्रिय रोजगार नीति, २०७१

नेपाल सरकार

श्रम तथा रोजगार मन्त्रालय

सिंहदरवार, काठमाण्डौ।

# विषय-सूची


| विषय | | पेज नं. |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | विगतका प्रयासहरु | १ |
| ३. | वर्तमान स्थिति | २ |
| ४. | प्रमुख समस्या र चुनौतीहरु | ७ |
| ५. | नयाँ नीतिको आवश्यकता | ८ |
| ६. | नीति तर्जुमाका आधारहरु | ९ |
| ७. | दूरदृष्टि | ९ |
| ८. | नीतिका प्रमुख उद्देश्यहरु | १० |
| ९. | नीतिहरु | १० |
| | कृषि क्षेत्र | १२ |
| | उत्पादन क्षेत्र | १३ |
| | निर्माण क्षेत्र | १४ |
| | पर्यटन क्षेत्र | १४ |
| | आईटीई | १५ |
| | जलस्रोत/उर्जा क्षेत्र | १६ |
| १०. | उद्देश्य २ सँग सम्बन्धित नीतिहरु | १६ |
| ११. | उद्देश्य ३ सँग सम्बन्धित नीतिहरु | १७ |
| १२. | उद्देश्य ४ सँग सम्बन्धित नीतिहरु | १९ |
| १३. | उद्देश्य ५ सँग सम्बन्धित नीतिहरु | २० |
| १४. | उद्देश्य ६ सँग सम्बन्धित नीतिहरु | २१ |
| १५. | उद्देश्य ७ सँग सम्बन्धित नीतिहरु | २२ |
| १६. | रणनीति र कार्यान्वयन संयन्त्र | २३ |
| १७. | खारेजी र बचाउ | २४ |
| १८. | अनुसूची — १ | २५ |
| १९. | अनुसूची — २ | २६ |

## १. पृष्ठभूमि

१.१ दिगो आर्थिक वृद्धि र गरिबी न्यूनीकरणको मुख्य आधार नै उत्पादनशील रोजगारी रहेको तथ्यलाई विश्वको वर्तमान प्रवृत्तिका रुपमा स्वीकार गर्न थालिएको छ। सामान्यतया, उत्पादनशील रोजगारीले मानिसको आय-आर्जन क्षमतालाई बढाउँछ र बेरोजगारी तथा न्यून रोजगारलाई कम गर्दछ, जसले अन्ततः गरिबी न्यूनीकरणमा योगदान गरिरहेको हुन्छ ।यी प्रवृत्तिका अलावा के पनि देखिएको छ भने आर्थिक वृद्धि-रोजगारी-गरिबीबीचको अन्तर-सम्बन्धमा आर्थिक वृद्धिका साथै रोजगारको परिणाम तथा गुणस्तरका ढाँचाहरु रोजगारीका उपलब्धीलाई प्रभावित तुल्याउन महत्वपूर्ण हुन्छन्।

१.२ यसैको प्रतिक्रियास्वरुप, विश्वभरका नीति निर्माताहरुले आ-आफ्ना प्रमुख नीतिगत विषयवस्तु तथा विकास रणनीतिका रुपमा सबैका लागि पूर्ण र उत्पादनशील रोजगारीलाई अघि सारेका छन्। खासगरी, रोजगारीसंग अन्तर-सम्बन्धित प्रवृत्तिलाई सम्बोधन गर्न विस्तृत नीति संरचना निर्माण गर्नेतर्फ मुलुकहरुको अग्रसरता बढेको देखिन्छ जसलाई राष्ट्रिय रोजगार नीतिका रुपमा चिनिन्छ।यसबाहेक विकास योजना, क्षेत्रगत नीतिहरु र कार्यक्रमहरुको महत्वपूर्ण उद्देश्यका रुपमा रोजगारीलाई समेत समेट्न थालिएको छ ।

## २. विगतका प्रयासहरु

२.१ गरिबी निवारण र समावेशीता प्रबर्द्धन गर्न सर्वाधिक प्रभावकारी संयन्त्रका रुपमा रोजगारीको महत्व रहेको कुरालाई स्वीकार गरी नेपाल सरकारले रोजगार-सम्पन्न (job-enrich) र समावेशी आर्थिक वृद्धिलाई प्रबर्द्धन गर्ने सम्बन्धी प्रयत्नमा ध्यान केन्द्रीत गरिरहेको छ।विभिन्न योजनाहरुले रोजगारीको महत्वमाथी जोड दिदैं समावेशी, उत्पादनशील तथा लक्षित कार्यक्रमको विस्तार मार्फत् मर्यादित रोजगारी वृद्धि गरी असमानता र गरिबी न्यूनीकरण गर्ने उद्देश्य राखेको पाईन्छ।

२.२ राष्ट्रिय श्रम नीति, २०५६ को तर्जुमा गरिएपछि यसमा व्यापक सुधार गरी रोजगार नीति,२०६२ ल्याईयो,जसले तत्कालीन रोजगारको विस्तृत प्रकृतिलाई समेटेको थियो।आय-आर्जनमुखी रोजगार सिर्जना गरी गरिबी निवारणको लक्ष्य हासिल गर्न उक्त नीति जारी गरिएको थियो ।

२.३ नेपालको अन्तरिम संविधान, २०६३ ले रोजगारीलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ। साथै श्रम तथा रोजगार नीति, २०६२ का अतिरिक्त नेपाल सरकारले धेरैवटा क्षेत्रगत नीतिहरु तर्जुमा गरिसकेको छ, जसमा रोजगारीलाई महत्वका साथ समेटिएको छ।यस सम्बन्धी प्रमुख नीतिहरुमा औद्योगिक नीति, राष्ट्रिय कृषि नीति, राष्ट्रिय युवा नीति एवं प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम नीतिहरु रहेका छन् ।

## ३. वर्तमान स्थिति

३.१ गत दशकमा नेपालको अर्थतन्त्र औसतमा ४.१ प्रतिशत[१]ले मात्र वृद्धि भएको थियो। उत्पादनशील रोजगारी सिर्जना गर्नका लागि यो वृद्धि पर्याप्त थिएन। सामान्यतया आर्थिक वृद्धिका प्रमुख स्रोतहरुमा सेवा कृषि क्षेत्र नै थिए। औद्योगिक क्षेत्रले अपेक्षा गरेभन्दा कम उपलब्धि हासिल गरेको थियो।

३.२ विप्रेषणको बढ्दो आप्रवाह (कूल गार्हस्थ्य उत्पादनको २९ प्रतिशत हिस्सा) को पृष्ठभूमि केलाउँदा नेपालको आर्थिक वृद्धिलाई घरायसी उपभोगले प्रभावित तुल्याएको देखिन्छ र यसले निर्यातको न्यून वृद्धिदरको नकारात्मक असरलाई सन्तुलनमा ल्याउन प्रमुख भूमिका खेलेको छ। स्थिर पूँजी निर्माण निकै कमजोर स्तरमा रहेको र वृद्धिका आधारमा यो केवल ६ प्रतिशत रहेको छ। सार्वजनिक क्षेत्रको स्थिर पूँजी निर्माण अत्यन्तै न्यून छ। राजनीतिक संक्रमण, चुनौतीपूर्ण नियमन र कानुनी संरचनाका साथै वित्तीय क्षेत्रको जोखिम,खासगरी देशभित्रका बैंकिङ क्षेत्रमा उत्पन्न कमजोरीका कारण पनि पूर्वाधार क्षेत्रअन्तर्गतको निजी लगानीमा बाधा पुगेको छ ।

३.३ बि.सं. २०६९ मा कृषि क्षेत्रको योगदान कूल गार्हस्थ उत्पादनको करिब ३४.४ प्रतिशत रहने अनुमान गरिएको थियो, जबकी उद्योग र सेवा क्षेत्रको हिस्सा क्रमशः १४.४ र ५३.२ प्रतिशत रहेको थियो । तथापि, मुलुकको अर्थतन्त्रमा कृषि क्षेत्रको हिस्सा घट्दोक्रममा रहेको भए पनि यही क्षेत्रले कूल श्रमशक्तिको करिब ७४ प्रतिशत[२]लाई रोजगार प्रदान गरिरहेको छ, तर यसले श्रम उत्पादकत्वको कमजोर अवस्थालाई नै प्रतिविम्बित गर्दछ ।

३.४ आर्थिक वर्ष २०६९/७० मा कुल जनसंख्याको २३.८ प्रतिशत नेपाली गरिबीको रेखामुनि रहेका छन् (रु. १९,२६१ प्रति व्यक्ति प्रति वर्ष, जुन आर्थिक वर्ष २०५२/५३ मा रहेको ४१.८ प्रतिशतबाट घटेको हो)। असमानताको स्तरमा पनि कमी आएको छः नेपालको खर्च-आधारित स्थिर गुणक अर्थात गिनी कोफिसिएन्ट (Gini Coefficient) सुधार भई २०६०/६१ बाट २०६७/६८ को बीचमा ४१ बाट ३५ मा झरेको छ[३]।

३.५ गरिबीको स्तर र माथिदेखि तलसम्म फैलिएको विभेद (Vertical discrimination)मा विस्तारै कमी आए पनि समान तहमा हुने विभेद (Horizontal discrimination) अझै कायम छ। खासगरी, भौगोलिक क्षेत्र, सामाजिक समूह र महिलामा गरिबी र मानव विकास सूचकमा असमानता र विभेदहरु कायमै छन्। विभिन्न जाति र जातीय समूहहरुबीचको भिन्नता भौगोलिक क्षेत्रको विषयभन्दा बढी मात्रामा मुखरित भइरहेको छ। यसर्थ,यसले कुनै खास इलाका वा क्षेत्रभित्र पनि विशेष सामाजिक समूहलाई लक्षित गर्नु आवश्यक छ।

---

[१]अर्थ मन्त्रालय, आर्थिक सर्भेक्षण २०७०/७१, पृष्ठ xxx, काठमाण्डौं ।

[२] केन्द्रीय तथ्याङ्क विभाग, नेपाल श्रमशक्ति सर्भेक्षण २०६५ सम्बन्धी प्रतिवेदन, काठमाण्डौ सीबीएस/युएनडीपी/आईएलओ ।

[३] केन्द्रीय तथ्याङ्क विभाग, नेपाल जीवनस्तर सर्भेक्षण २०६७/२०६८, तथ्याङ्क प्रतिवेदन, संस्करण १ र २ ।

३.६यी समष्टीगत आर्थिक तथा विकास चुनौतीहरुका सन्दर्भमा नेपालले बेरोजगारीसँग सम्बन्धित विविध किसिमका चुनौतीहरुको सामना गर्नु परिरहेको छःजस्तैःश्रम आपूर्तिमा बलियो दबाब,अनौपचारिक रोजगारको प्रभुत्व,संरचनागत रुपान्तरण र उत्पादनशील रोजगारी सिर्जनाको कमी, अपर्याप्त सीप र शैक्षिक उपलब्धि तथा श्रम बजारमा क्षेत्रीय, सामाजिक र लैंगिक भेदभाव आदि ।

३.७ बि.सं. २०६८ को राष्ट्रिय जनगणनाको आङ्कडा अनुसार नेपालको कूल जनसंख्या करिब २ करोड ६५ लाख छ, र लिङ्गीय अनुपात (प्रति १०० महिलामा पुरुषको संख्या) बि.सं. २०५८ को ९९.८ बाट २०६८ मा ९४.२ मा झरेको छ । नेपालमा युवा जनसंख्याको बाहुल्यता रहेको छः ३५ वर्षभन्दा कम उमेरका मानिसको जनसंख्या कूल जनसंख्याको झण्डै ७० प्रतिशत छ । तथापि, मुख्य चुनौती नै यो जनसांख्यिक उपस्थितिबाट कसरी लाभ लिन सकिन्छ भन्ने हो । राष्ट्रिय युवा नीति, २०६६ ले नेपालमा युवालाई १६ देखि ४० वर्ष बीचको उमेरका व्यक्ति भनी परिभाषित गरेको छ[४] । यो परिभाषाले कूल जनसंख्यामा युवाको हिस्सा झण्डै ४० प्रतिशत रहेको देखाउँछ ।

३.८ जनसंख्या वृद्धि अघिल्लो दशक (२०४८-२०५८) मा रहेको प्रतिवर्ष २.२५ प्रतिशतबाट घट्दै गएर प्रतिवर्ष १.३५ प्रतिशत भए पनि नेपालको श्रमशक्ति बलियो ढङ्गबाट निरन्तर वृद्धि भइरहेको छ । देशको कूल श्रमशक्ति बि.सं. २०५८ मा १ करोड १८ लाख ४० हजार रहेकामा २०६८ मा यो १ करोड ५९ लाख १० हजार पुगेको छ । यसबाट श्रमशक्तिको वार्षिक वृद्धिदर २.४ प्रतिशत रहेको देखिन्छ । श्रमशक्तिको बनावटमा पनि निकै परिवर्तन भएको छः श्रम बजारमा अहिले महिलाको हिस्सा ठूलै छ र सहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्याको प्रतिशत बढेको छ । यसबाट सहरी क्षेत्रमा रोजगारका निम्ति ठूलै दबाब सिर्जना भइरहेको छ ।

३.९ नेपाल श्रमशक्ति सर्वेक्षण, २०६५ का अनुसार रोजगारीमा रहेको १५ वर्षभन्दा माथिको जनसंख्या १ करोड १७ लाख ८० हजार छ जसले नेपाल श्रमशक्ति सर्वेक्षण २०५५ बाट रोजगार सिर्जनाका दृष्टिले २.२ प्रतिशतको वृद्धि भएको देखाउँछ।रोजगारमा रहेकाको औसत अनुपात ८१.७ प्रतिशत रहेको अनुमान छ जहाँ पुरुष ८५.५ प्रतिशत र महिला ७८.५ प्रतिशत छन् ।

३.१० नेपालको श्रम बजारमा मर्यादित कार्यको कमीको सही सुचक बेरोजगारीको अवस्था होइन । किनकि बेरोजगार दर बि.सं. २०६५ मा २.१ प्रतिशत मात्र रहेको थियो, जसमा पुरुषको बेरोजगार दर २.२ प्रतिशत र महिलाको बेरोजगार दर २.० प्रतिशत थियो५ ।

---

[४]केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनसंख्या तथा आवास गणना २०६८ प्रतिवेदन, काठमाण्डौ, नेपाल सरकार ।

[५]केन्द्रीय तथ्याङ्क विभाग, नेपाल श्रमशक्ति सर्भेक्षण २०६५ प्रतिवेदन, काठमाण्डौ, सीबीएस/युएनडीपी/आईएलओ ।

खुला बेरोजगारीको समस्या भन्दा पनि समय-सम्बद्ध न्यून रोजगारी (६%) को समस्या, सीपको बेमेल (Skill mismatch) र न्यून आर्जन नै प्रमुख सरोकारका विषयहरु हुन् । यसले श्रम उपयोगको न्यून स्तरलाई प्रतिबिम्बित गरेको छ ।

३.११ सहरी क्षेत्रहरुमा ग्रामीण क्षेत्रहरुको भन्दा निकै न्यून (सहरमा ६७ प्रतिशत र ग्रामीण क्षेत्रमा ८४ प्रतिशत) श्रमशक्ति सहभागिता दर रहेको छ । पुरुष (८०.९ प्रतिशत) को श्रमशक्ति सहभागिता दर महिला (७९.४) को भन्दा केही बढी छ । क्षेत्रीय भिन्नताका आधारमा श्रमशक्ति सहभागिता दर सहरी-काठमाण्डौं उपत्यका क्षेत्रमा ज्यादै न्यून (६१ प्रतिशत) छ जहाँ बेरोजगारी दर सर्वाधिक बढी छ (८ प्रतिशत) । अर्कातर्फ श्रमशक्ति सहभागिता दर मध्य तथा सुदूर पश्चिमको ग्रामीण तथा पहाडी क्षेत्रमा सर्वाधिक बढी (९० प्रतिशत) छ जबकी बेरोजगार दर यी क्षेत्रमा सबैभन्दा कम (एक प्रतिशतभन्दा कम) रहेको छ ।

३.१२ रोजगारीमा वृद्धिका अलावा गुणस्तरीय रोजगारी सिर्जनाका निम्ति उत्पादकत्वयुक्त वृद्धि अत्यावश्यक हुन्छ, किनभने श्रम उत्पादकत्व राम्रो भएमा त्यसले राम्रो कार्य अवस्था, बढी ज्याला तथा मानव स्रोतमा बढी लगानी गर्नेतर्फउन्मुख गराउँछ ।

३.१३ आमरुपमा अनौपचारिक क्षेत्र नेपालको दीर्घस्थायी आर्थिक विशेषता रहिआएको छ। रोजगार सिर्जना, उत्पादन र आय सिर्जनामा अनौपचारिक क्षेत्रले नै प्रभुत्व कायम गरिरहेको छ। नेपाल श्रमशक्ति सर्वेक्षण २०६५ का अनुसार, रोजगारीमा रहेका ९६.२ प्रतिशतमध्ये बहुसंख्यक नेपाली कामदारहरु अनौपचारिक क्षेत्रका रोजगार (सहरी क्षेत्रमा ८८.६ प्रतिशत र ग्रामीण क्षेत्रमा ९७.४ प्रतिशत) मा आबद्ध छन्। अनौपचारिक क्षेत्रका रोजगारहरु न्यून गुणस्तरीय, अनुत्पादनशील र न्यून पारिश्रमीकबाट ग्रस्त छन् ।

३.१४ शिक्षाको स्तर र रोजगारीबीचको अन्तर-सम्बन्ध निकै महत्वपूर्ण हुन्छ। शिक्षा क्षेत्रको दृष्टिकोण नै राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारका आवश्यकता पूरा गर्ने सीप भएका प्रतिस्पर्धी र उत्पादकत्व राम्रो भएका नागरिक उत्पादन गर्नु हो । नेपालमा, आधारभूत भौतिक पूर्वाधारको कमी, अपर्याप्त शिक्षक र उत्तीर्ण हुने दरमा सामुदायिक र निजी विद्यालयहरुबीचको भिन्नताका कारण औपचारिक शिक्षामा समस्या खडा भएको छ। शिक्षामा महिला, दलित, अशक्त, पिछडिएको समूह, आदिवासी जनजाति र मधेसीको पहुँच नहुनु अर्को प्रमुख चुनौती हो ।

३.१५ नेपालमा शैक्षिक उपलब्धिका दृष्टिले पछिल्लो समयमा राम्रै प्रगति भए पनि कूल साक्षरता दर (५ वर्ष र त्योभन्दा माथि) झण्डै ६० प्रतिशत छ, र आव २०६०/६१ मा रहेको ५०.६ प्रतिशतको तुलनामा यो निकै राम्रो सुधार हो (नेपाल जीवनस्तर सर्वेक्षण २०६७/०६८)। नेपाल श्रमशक्ति सर्भेक्षण २०६५ ले विद्यालय शिक्षामा हाल उपस्थित नरहेका तर कुनै न कुनै किसिमको शैक्षिक तह पूरा गरेकाहरुको आङ्कडा उपलब्ध गराएको छ ।झण्डै एक तिहाई युवा कुनै पनि प्रकारको विद्यालयमा कहिल्यै भर्ना भएका छैनन्, र

६० प्रतिशतले कक्षा ५ वा त्योभन्दा तल्लो तह उत्तीर्ण गरेका छन् । माध्यमिक र उच्च तहको शिक्षा उत्तीर्ण गर्ने युवाको अनुपात ज्यादै न्यून छः १७.१ प्रतिशत युवाले मात्र कक्षा १० वा सोभन्दा माथिको शैक्षिक योग्यता हासिल गरेका छन्।'शिक्षित युवा' मा रहेको न्यून योग्यताले 'शिक्षित' भनिएकाहरु पनि धेरै गुणा कमजोर तथा श्रम बजारमा प्रवेश गर्नेक्रममा अनुभवहीन रहेको दृश्य प्रस्तुत गर्दछ ।

३.१६ शिक्षाको स्तरसँगै निस्क्रियता र बेरोजगारको दर बढ्दोक्रममा रहेकाले शिक्षित बेरोजगारको वर्तमान परिस्थिति त्यति सकारात्मक रहेको छैन ।

३.१७ मुलुकको कूल जनसंख्यामा आवश्यक परेको रोजगारको तुलनामा युवाको जनसंख्याको अनुपात तीव्ररुपमा वृद्धि भइरहेको छ।देशमा व्याप्त गरिबी र राम्रो रोजगारको विकल्पको कमीले ठूलो युवा जमात बाँच्नकै निम्ति पनि अनौपचारिक क्षेत्रका क्रियाकलापमा संलग्न हुनु परिरहेको छ र उनीहरुसँग यो बाहेक अर्को विकल्प पनि छैन । रोजगार प्राप्त गर्न असक्षम भएमा त्यसले युवामा जोखिमपना र प्रयोगविहीनताको भावना सिर्जना गर्ने सम्भावना हुन्छ, र उनीहरु नै सीमान्तकृत, बहिस्करण, नैराश्यता र न्यून आत्म-सम्मानबाट गुज्रिनु पर्दछ ।

३.१८ शिक्षा र सीप विकासका क्रियाकलापहरुले सामान्यतया श्रम बजारका सम्पूर्ण माग सम्बोधन गर्नु पर्दछ ।साथै,यी क्रियाकलापहरुले अस्थायी वैदेशिक रोजगारका लागि विदेश जानेहरु र बौद्धिक पलायन हुनेहरुका कारण सिर्जित क्षतिलाई समेत भरथेग गर्नुपर्ने हुन्छ।दक्ष जनशक्तिको तीव्ररुपमा भइरहेको परिवर्तीत मागलाई प्रभावकारीरुपमा प्रक्षेपण, विश्लेषण, र अनुगमन गर्नका लागि श्रम बजार सूचनाको सङ्कलन र विश्लेषण गर्न पनि नीतिगत क्रियाशीलता आवश्यक छ।जनशक्तिको माग र आपूर्ति पक्षबीच मेल हुन सकिरहेको छैन ।

३.१९ हाल उच्च दक्ष श्रमशक्तिको आपूर्ति (डाक्टर, नर्स) मागको तुलनामा बढी छ जबकी कम-दक्ष स्वास्थ्यकर्मीको अभाव कायमै छ।यसैगरी, प्राविधिक शिक्षा लिएका व्यक्तिहरु (इन्जिनियर, सव इन्जिनियर र वैज्ञानिकहरु) को मागको तुलनामा आपूर्ति बढी भइरहेको छ।प्राविधिक दक्ष जनशक्तिको यस्तो अवस्था रहेको सन्दर्भमा, उच्च शिक्षित कामदार, प्रशासक, व्यवस्थापक, विश्वविद्यालय शिक्षक, कानुन व्यवसायी र अरु क्षेत्रहरुको आपूर्ति मागको तुलनामा वढी नै देखिन्छ।

३.२० व्यावसायिक सीप युवाका लागि उपलब्धिमूलक हुन सक्छ।तथापि, विद्यालय देखी कार्य सङ्क्रमणकालीन सर्भेक्षण २०६५ (School-to-Work Transition Survey) ले के देखाएको छ भने व्यावसायिक शिक्षा/तालिमले स्थायी वा करिअर रोजगारमा अग्रसर गराउन मद्दत गर्ने भए पनि त्यस्तो व्यावसायिक शिक्षा/तालिमलाई नेपाली युवाले कमै सम्मानजनक ठान्छन्।बरु सामान्यतया माथिल्लो प्राज्ञिक डिग्री नै राम्रो रोजगार प्राप्त गर्न आवश्यक हुने उनीहरुको विश्वास छ।रोजगारदाताहरुले समेत कुनै पनि किसिमका पदमा आवेदन गर्ने

युवाको शैक्षिक योग्यतालाई नै सर्वाधिक महत्व दिइआएको पाइन्छ। हातको भरमा गरिने (म्यानुअल)/उत्पादन-तहको कामका निम्ति शैक्षिक स्तरलाई खासै महत्व दिइएको पाइन्न। समग्रमा, व्यावसायिक शिक्षा तथा तालिममा लगानी बढाउनुपर्ने खाँचो महसुस गरिएको छ, र सीपयुक्त जनशक्तिको मागलाई बढावा दिनेतर्फ रोजगारदातासँग राम्रो सम्बन्ध स्थापित गरिनु पर्दछ ।

३.२१ श्रमशक्तिमा वृद्धि भएबमोजिम रोजगारका अवसरको कमी भएको परिणामस्वरुप मुख्य श्रम बजारमा समायोजन गर्नुपर्ने चाप वृद्धि भई आप्रवासी कामदारको संख्या बढेको छ। नेपाल जीवनस्तर सर्भेक्षण २०६७/६८ का अनुसार, नेपालको कूल जनसंख्याको २०.३ प्रतिशत आप्रवासी छन् (२९.८ प्रतिशत पुरुष, १०.९ प्रतिशत महिला) जसमध्ये ५६.९ प्रतिशत आन्तरिक आप्रवासी छन् भने ४३.१ प्रतिशत विदेश गएका छन्। पुरुष आप्रवासीको संख्या बि.सं. २०५८ मा ६,७९,४६९ रहेकामा २०६८ मा तीव्र वृद्धि भई १६,६३,२३७ पुगेको छ भने महिला आप्रवासीको संख्या पनि बि.सं. २०५८ मा ८२,७१२ रहेकामा २०६८ मा २,५४,६६६ पुगेको छ ।

३.२२ वैदेशिक रोजगारले नेपालको ग्रामीण क्षेत्रमा आर्थिक समृद्धि ल्याउन योगदान पुऱ्याई गरिबी न्यूनीकरणमा निकै सघाएको छ। नेपालका करिब ५६ प्रतिशत घरपरिवारले विदेशबाट विप्रेषण प्राप्त गरेका छन् (नेपाल जीवनस्तर सर्वेक्षणः २०६७/६८)। औसतमा, विदेशमा कार्यरत व्यक्तिको एउटा घरपरिवारले प्रति वर्ष रु. ८०,४६२ विप्रेषण प्राप्त गर्दछ। विप्रेषणको यो उच्च आप्रवाहको महत्व निकै बढी छ। बि.स. २०६४ मा गरिएको एउटा सर्भेक्षण अनुसार, बि.सं.२०५२/५३ देखि २०६०/६१ को समयावधिमा पाँचमा एक भाग गरिबी न्यूनीकरणमा कार्य-सम्बद्ध आप्रवासन तथा घर पठाइएको विप्रेषणको भूमिका महत्वपुर्ण रहेको थियो।

३.२३ माथि उल्लिखित श्रमशक्ति वृद्धिको अवस्थालाई विचार गर्दा नेपालमा हरेक वर्ष श्रमबजारमा ४५०,००० भन्दा बढी व्यक्ति प्रवेश गरिरहेका छन्।[६]नेपालमा हाल रोजगारी पाइरहेका तर उच्च उत्पादकत्व र कमाइ हुने रोजगारको खोजी गर्ने उनीहरु समेतको पूरक आवश्यकता सम्बोधन गर्नुपर्ने चुनौतीले समग्र श्रमशक्तिको संख्यात्मक आयामलाई प्रस्तुत गरेको छ । यो आधारमा, बि.सं. २०६६-७२ को अवधिमा प्रति वर्ष ५००,००० "उत्पादनशील रोजगार" को अवसर सिर्जना गर्नुपर्ने आवश्यकता अनुमान गरिएको छ ।

[६]राष्ट्रिय योजना आयोग, तेह्रौं राष्ट्रिय योजनाः आधार पत्र २०७०/७१-२०७२/७३, पृष्ठ ९१, काठमाण्डौ ।

३.२४ नेपाल सरकार र निजी क्षेत्रका सम्पूर्ण तालिम प्रदायक संस्थाहरु बाट प्रदान गरिएका हालका तालिम बाट प्रशिक्षित व्यक्तिको विद्यमान संख्या तथा सीपयुक्त तालिम लिनुपर्ने आवश्यकता भएका व्यक्तिको संख्याबीच ठूलो अन्तर रहेको छ। हरेक वर्ष नेपालबाट ४००,००० भन्दा बढी व्यक्ति रोजगारका लागि विदेश गइरहेका छन् जबकी नेपालमा स्थापित विभिन्न संस्थाहरुले बि.सं. २०६७ को एक वर्ष सञ्चालन गरेका तालिमबाट ७४,२७५ जना मात्र दक्ष व्यक्ति उत्पादन भएका थिए ।[७]

३.२५ नेपालमा, श्रम बजारको नियमनले लगानीमा सहजीकरण गरिरहेको छ वा अवरोध पुऱ्याइरहेको छ भन्ने विषयमा लामो समयदेखि बहस चलिरहेको छ। औद्योगिक वृद्धि र रोजगारका निम्ति रोजगारदाता र श्रमिक/कर्मचारीबीच राम्रो सम्बन्ध अत्यावश्यक हुन्छ । तर औद्यिगिक क्षेत्रमा हडताल र तालाबन्दीका घटनाक्रमहरु पछिल्ला वर्षमा निकै वृद्धि भएको छ र नेपालमा अहिले यी कुराहरु सामान्य भइसकेका छन् ।

## ४. प्रमुख समस्या र चुनौतीहरु

४.१ हालसम्म भएका विभिन्न नीतिगत प्रयासहरुका बाबजुद रोजगारका संख्यात्मक र गुणात्मक चुनौतीहरु अद्यापि कायम छन् र यो अवस्थाले नेपालको श्रम बजारमा राम्रो रोजगारको कमी रहेको प्रतिविम्बित गर्दछ। श्रम बजारका मुख्य चुनौतीहरु निम्न छन्ः

(क) अपर्याप्त संरचनागत रुपान्तरण र विविधता,

(ख) उत्पादनशील रोजगारको कमी (न्यून उत्पादकत्व, न्यून ज्याला र कमजोर कार्य अवस्था),

(ग) शिक्षाको कमजोर स्तर तथा अपर्याप्त सीप विकास, वैदेशिक रोजगारको प्रयोग र खोजी, युवा तथा अरु सामाजिक समूहहरुका लागि विविध किसिमका अवरोध,

(घ) श्रम बजार सूचना प्रणाली र श्रम प्रशासनको अभाव,

४.२ नेपालले सामना गरिरहेका यी श्रम बजारका चुनौतीहरु निकै जटिल छन् र यिनीहरु देशको आर्थिक, सामाजिक र राजनीतिक सन्दर्भसँग गहिरोसँग जोडिएका छन्। यसैबीच, प्रभावकारी नीति निर्माणका सन्दर्भमा विचार गर्दा, मुलुकको समग्र विकासका उद्देश्य हासिल गर्न योगदान पुऱ्याउन सक्ने प्रभावकारी कार्यक्रम र परियोजनाहरु समावेश रहेका नीतिहरुको कार्यान्वयन नै प्रमुख आवश्यकताको रुपमा उभिएको छ। रोजगारीका उद्देश्यका दृष्टिबाट नीति कार्यान्वयनमा अझ प्रभावकारिता ल्याउन कार्यान्वयन क्षमतामा थप वृद्धि गर्नुपर्ने रोजगारी वृद्धि पहलहरुको अनुगमन र मूल्याङ्कनमा सुधार गर्नुपर्ने तथा नीति-निर्माणको उद्देश्यका रुपमा रोजगारीको प्राथमिकीकरण र समन्वयलाई सबलीकरण गर्नुपर्ने आवश्यकता छ ।

[७]अर्थ मन्त्रालय, आर्थिक सर्भेक्षण २०६८/६९, पृष्ठ २१०, काठमाडौं ।

४.३ नेपालमा देखिएको कमजोर औद्योगिक सम्बन्ध श्रम बजार सुधारका प्रमुख अवरोधमध्ये एक हो जसले श्रम कानुनको सुधार र श्रम बजारको कार्यसञ्चालनमा सुधार ल्याउने नीतिहरुको प्रभावकारी कार्यान्वयनमा रोकावट ल्याउँछ ।

४.४ रोजगारी सिर्जनाका निमित्त लगानी अत्यावश्यक हुन्छ तर आवश्यक पूर्वाधारको सीमितता,राजनीतिक स्थायित्व र लगानीका निम्ति लगानीमैत्री सकारात्मक वातावरणको कमीसँगै अर्थतन्त्रका धेरै क्षेत्रमा रहेको कमजोर उत्पादकत्वले बढ्दो श्रमशक्तिलाई प्रयोगमा ल्याई रोजगारी सिर्जना गर्नसकेको छैन ।

४.५ मुलुकको समग्र विकास क्रियाकलापका निम्ति ऊर्जा पनि प्रमुख आवश्यकताका रुपमा खडा भएको छ ।मुलुक जलस्रोतका क्षेत्रमा निकै धनी भए पनि सम्पूर्ण आर्थिक,सामाजिक तथा विकासका गतिविधिहरु सञ्चालनका निम्ति आवश्यक पर्ने ऊर्जा प्रर्याप्तरुपमा उपलब्ध नहुँदा ती सबै क्षेत्र खुम्चिएका छन्।

## ५. नयाँ नीतिको आवश्यकता

५.१ माथि सूचीबद्ध चुनौतीहरुको सामना गर्न र समस्याको समाधान गर्न नयाँ राष्ट्रिय रोजगार नीतिको निर्माण गर्नुपर्ने आवश्यकता देखिएको हो।यो परिस्थितिलाई सम्बोधन गर्ने क्रममा बि.सं. २०६९ को राष्ट्रिय श्रम सम्मेलनले नेपालको बदलिँदो सामाजिक-आर्थिक वातावरणका चुनौतीहरुलाई सम्बोधन गर्न तथा राष्ट्रिय विकास समस्या समाधान समितिको निर्देशनलाई पूरा गर्न नयाँ समेत राष्ट्रिय रोजगार नीति तयार गरिएको छ।

५.२ कुनै पनि मुलुकमा रोजगारीका चुनौतीहरु विभिन्न क्षेत्रबीच अन्तर-सम्बन्धित हुने भएकाले एउटा विस्तृत नीति पद्धति आवश्यक हुन्छ।यो नीतिले विशिष्ट रोजगारीका प्राथमीकतालाई लक्षित गर्दछ र नीति निर्माणको प्रयासलाई बढी व्यापकता दिई समन्वय र सामन्जस्यपूर्ण तरिकाबाट सुधार ल्याउन प्रयत्न गर्दछ।

५.३ नेपालको अन्तरिम संविधान,२०६३ अनुसार पनि नयाँ रोजगार नीति निर्माण गर्नुपर्ने आवश्यकता रहेको उल्लेख गरेकोछ।यसलाई न्यायिक पुनरावलोकनका माध्यमबाट समेत अझबढी जोड दिईएको छ।

५.४ यसर्थ, समग्रमा यो नीति स्वीकृत भई कार्यान्वयनमा आएमा निम्न कार्य गर्नेछः

(क) रोजगारका मुख्य उद्देश्यलाई सम्बोधन गरी नीति कार्यान्वयनमा सुधार ल्याउने,

(ख) नीति-निर्माण गर्दा रोजगारका उद्देश्यहरुको समायोजनलाई अभिवृद्धि गर्ने,

(ग) नीतिगत सुझावहरुको कार्यान्वयनका निम्ति क्षमता अभिवृद्धि गर्ने, र

(घ) मर्यादित र उत्पादनमूलक रोजगार प्रबर्द्धनका निम्ति नेपाल सरकारको कार्यपद्धतिमा समन्वय र सामन्जस्यलाई सबल बनाउने ।

## ६. नीति तर्जुमाका आधारहरु

६.१ नेपालको अन्तरिम संबिधान २०६३, तेह्रौं त्रिवर्षीय योजना (२०७०/७१ - २०७२/७३) को आधार पत्रमा उल्लिखित सरकारी नीति संरचनामा आधारित रहेर वर्तमान राष्ट्रिय रोजगार नीतिको निर्माण गरिएको छ। यसले नेपालको समग्र विकास लक्ष्य हासिल गर्ने कार्यमा बढी प्रभावकारिता र सामन्जस्यतालाई सुनिश्चित गर्नेछ। यो नीति श्रम तथा रोजगार नीति, २०६२ मै आधारित रहेर तयार पारिएको छ। साथै, यो नीतिको कार्यान्वयनका क्रममा सिकिएका पाठलाई पनि विचार गरिएको छ। यसबाहेक, औद्योगिक नीति, कृषि नीति, राष्ट्रिय युवा नीति, सूचना प्रविधि नीति, श्रम ऐन र ट्रेड युनियन ऐन समेतका रोजगारका उल्लेखित उद्देश्यहरुप्रति सान्दर्भिक नीतिगत विषयमा यो नीतिले ध्यान पुऱ्याएको छ।

६.२ हालका असमानता र विभेदलाई सम्बोधन गर्नका निम्ति यो नीतिले महिला, युवा, आदिवासी तथा जनजाति, दलित, मधेसी र अरु सीमान्तकृत समूहहरु/क्षेत्रहरुलाई लक्षित गरेको छ र नीतिमा उनीहरुका सरोकारका विषयलाई समाहित गरिएको छ।

६.३ यो नीतिको निर्माण ट्रेड युनियन, रोजगारदाता संस्थाहरु तथा अन्य सरोकारवालाहरुसँगको रचनात्मक संवादमा आधारित छ। नीतिको प्रभावकारी स्वामित्व ग्रहण र कार्यान्वयनका निम्ति सामाजिक संवाद तथा औद्योगिक सम्बन्धमा सुधार ल्याउनु महत्वपूर्ण कदम हुन्।

६.४ नीतिका लक्ष्यहरु हासिल गर्नका निम्ति सार्वजनिक क्षेत्रलाई सहजकर्ता र सहयोगी पक्षका रुपमा हेरिएको छ। जबकी निजी क्षेत्र आर्थिक वृद्धि र रोजगार सिर्जनाको इन्जिन हो।

६.५ अन्तर्राष्ट्रिय श्रम संगठनको रोजगार नीति अभिसन्धि,१९६४ (नं.१२२) तथा सिफारिस नं.१२२ र १८४,तथा मानव स्रोत विकास अभिसन्धि,१९७५ (नं.१४२) र मानव स्रोत विकास सुझाव,२००४ (नं.१९५) लाई यो नीति निर्माणमा महत्वपूर्ण निर्देशकका रुपमा लिइएको छ।

## ७. दूरदृष्टि (Vision)

७.१ नेपालमा उपलब्ध श्रम(जन)शक्तिलाई प्रतिष्पर्धी बनाउदै सक्षम श्रमबजारको माध्यमद्वारा उत्पादनशिल, मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सवल र गतिशील बनाई गरिवी निवारणमा योगदान पुऱ्याउनु राष्ट्रिय रोजगार नीतिको दीर्घकालीन दृष्टिकोण (Vision) हुनेछ।

## ८. प्रमुख उद्देश्यहरु

८.१ राष्ट्रिय रोजगार नीतिका प्रमुख उद्देश्यहरु निम्न अनुसार छन्ः

१. विभिन्न क्षेत्रगत नीतिहरुलाई यस नीतिसँग सामन्जस्यता कायम गरी रोजगारी सिर्जनातर्फ केन्द्रित गर्न राष्ट्रिय अर्थतन्त्रलाई प्रबर्द्धन गर्दै सबै नागरीकहरुलाई उत्पादन र प्रतिफलमूलक रोजगारीका अवसरहरू उपलब्ध गराउने,

२. अनौपचारीक रोजगारलाई क्रमशःऔपचारीक पद्धतिमा रुपान्तरण गर्दै रोजगारको गुणस्तरमा सुधार ल्याउने,

३. श्रम बजारको आवश्यकता अनुसारको ज्ञान र सीपमा आधारित श्रम शक्ति तयार पार्न उपयुक्त अवसरहरु सिर्जना गर्ने,

४. आप्रवासी तथा प्रवासी कामदारको उपयुक्त व्यवस्थापन गर्ने,

५. युवालक्षित रोजगारका अवसरहरू सिर्जना गर्न प्राथमिकता दिने,

६. अनुसन्धानमा आधारित आधुनिक सूचना प्रणालीको प्रयोग बढाउदै श्रम बजारलाई सबल बनाउने, र

७. सुमधुर औद्योगिक श्रम सम्बन्धको विकास गरी रोजगार-मैत्री लगानीलाई प्रोत्साहन गर्ने।

८.२ माथि उल्लिखित महत्वपूर्ण उद्देश्यका अलावा यो नीतिले नीति-निर्माणमा रोजगारको विद्यमान परिस्थितिलाई सम्बोधन गर्ने लक्ष्य पनि राखेको छ।यस सन्दर्भमा यो नीतिले नीति-निर्माण प्रक्रिया तथा नीतिको कार्यान्वयनको प्रभावकारीतामा सुधार ल्याउने छ जसबाट निम्न उपलब्धि हासिल हुनेछन्ः

(क) नीति-निर्माण प्रक्रिया र पहलहरुमा रोजगारका उद्देश्यहरुको बलियो समायोजन र प्राथमिकीकरण,

(ख) सरोकारवालाहरुको क्षमता विकास तथा रोजगारसम्बन्धी सचेतना अभिवृद्धि मार्फत रोजगारसँग सम्बन्धित नीतिहरु र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन,

(ग) सरकार, सामाजिक साझेदारहरु तथा अन्य सरोकारवालाहरुबीच प्रभावकारी समन्वय र सामन्जस्य,

(घ) उत्पादनशील रोजगारी अभिवृद्धि,

## ९. नीतिहरु

९.१ प्रस्तुत नीतिहरु बुँदा ८.१ मा सूचीकृत सातवटा प्रमुख उद्देश्यहरुको सेरोफेरोमा निर्माण गरिएका छन्।यसबाहेक, हरु बुँदा ८.२ को प्रभावकारी कार्यान्वयन भएपश्चात हासिल हुने उपलब्धीसँग जोडिएका छन्।**तालिका १** ले नीतिका उद्देश्यहरु र तदनुरुपका नीतिहरुबीचको सम्बन्धलाई प्रकाश पारेको छ ।

## तालिका १ः उद्देश्य र नीतिबीचको सम्बन्ध

| उद्देश्यहरु | नीतिहरु |
|---|---|
| विभिन्न क्षेत्रगत नीतिहरुलाई यस नीतिसँग सामन्जस्यता कायम गरी रोजगारी सिर्जनातर्फ केन्द्रित गर्न राष्ट्रिय अर्थतन्त्रलाई प्रबर्द्धन गर्दै सबै नागरिकहरुलाई उत्पादन र प्रतिफलमूलक रोजगारीका अवसरहरू उपलब्ध गराउने | कृषि, उत्पादन, निर्माण, पर्यटन, सूचना प्रविधि र जलस्रोत/उर्जा (खण्ड १०) |
| अनौपचारिक रोजगारलाई क्रमशः औपचारिक पद्धतिमा रुपान्तरण गर्दै रोजगारको गुणस्तरमा सुधार ल्याउने, | उद्यमशीलता,नियमन वातावरण, कानुनी सुधार (खण्ड ११) |
| श्रम बजारको आवश्यकता अनुसारको ज्ञान र सीपमा आधारित श्रम शक्ति तयार पार्न उपयुक्त अवसरहरु सिर्जना गर्ने | समन्वय, शिक्षा (आधारभूत, व्यावसायिक), पेशागत परामर्श र मिल्दो सीपमा सुधार (खण्ड १२) |
| आप्रवासी तथा प्रवासी कामदारको उपयुक्त व्यवस्थापन गर्ने, | सीप विकास, सुशासन र आप्रवासी कामदारको सुरक्षा, सूचना र सचेतना (खण्ड १३) |
| युवालक्षित रोजगारका अवसरहरू सिर्जना गर्न प्राथमिकता दिने, | श्रम बजार नीति, रोजगार सेवा केन्द्र, व्यावसायिक शिक्षा तथा तालिमको प्रबर्द्धन, लक्षित कार्यक्रम (खण्ड १४) |
| अनुसन्धानमा आधारित आधुनिक सूचना प्रणालीको प्रयोग बढाउदै श्रम बजारलाई सबल बनाउने, र | श्रम बजार सूचनाको संकलन र प्रसार (आपूर्ति र माग पक्ष), श्रम बजार सूचना विश्लेषणका निम्ति क्षमता विकास, रोजगार बिनिमय तथा सेवा (खण्ड १५) |
| सुमधुर औद्योगिक सम्बन्धको विकास गरी रोजगार-मैत्री लगानीलाई प्रोत्साहन गर्ने, | स्वदेशी तथा विदेशी लगानीका निम्ति सकारात्मक वातावरणको सिर्जना (खण्ड १६) |

१०. उद्देश्य १ सँग सम्बन्धित नीतिहरुः विभिन्न क्षेत्रगत नीतिहरुलाई यस नीतिसँग सामन्जस्यता कायम गरी रोजगारी सिर्जनातर्फ केन्द्रित गर्न राष्ट्रिय अर्थतन्त्रलाई प्रबर्द्धन गर्दै सबै नागरिकहरुलाई उत्पादन र प्रतिफलमूलक रोजगारीका अवसरहरू उपलब्ध गराउने।

१०.१ यस उद्धेश्य प्राप्तिको लागि कृषि, उत्पादन, निर्माण, पर्यटन, आइ.टी. र जलश्रोत/उर्जा क्षेत्रसंग सम्बन्धित देहायबमोजिमका विशेष नीतिहरु समाबेश गरिएका छन्।

### कृषि क्षेत्र (Agriculture Sector)

## नीतिहरु

१०.२ सिँचाइ, कृषि सामग्री, र आधुनिक प्रविधि (सामान्य किसिमका पावर टिलर, थ्रेसर र खेतबाट घर हुँदै बजारसम्म पुऱ्याउने सामान्य किसिमका बाली भित्र्याउने हारभेष्टर साधन) को व्यवस्था गरी उत्पादन वृद्धि मार्फत कृषि क्षेत्रमा संलग्न रहेकाहरुको उत्पादकत्व वृद्धि गरिने छ र उच्च मूल्यका बाली लगाउनेतर्फ विशेष जोड दिइने छ।

१०.३ प्रमुख अन्नबाली, नगदे बाली तथा आय लचकता र उत्पादन तथा उत्पादकत्व वृद्धिको सम्भावना बढी भएका उपक्षेत्रको विकासका लागि आवश्यक प्रोत्साहन प्रदान गरिनुका साथै सुविधासम्पन्न संरचना निर्माण र विस्तार गरिने छ।

१०.४ कृषि क्षेत्रको प्रबर्द्धनका लागि उपक्षेत्रहरुको छनोट गर्दा खाद्य सुरक्षा, रोजगार प्रबर्द्धन र निर्यात सम्भावनाजस्ता पक्षलाई ध्यान दिइने छ।

१०.५ देशमा विद्यमान जलवायु विविधताबाट अधिकतम लाभ लिन आवश्यक प्रयास गरिनेछ र उच्च पहाडी भेगमा कृषि रोजगारी सिर्जना गर्न बिशेष कार्यक्रम संचालन गरिने छ।

१०.६ निर्यातमुखी कृषि क्षेत्रको उत्पादकत्वमा सुधार ल्याई प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरिनेछ र कृषि उपजहरुको बजारीकरणमा जोड दिइने छ।

१०.७ कृषि उपजहरुको उत्पादकत्वमा वृद्धि, नवीनता र थप मूल्य अभिवृद्धि तथा मूल्य शृङ्खला (Add Value Chain) लाई विश्व बजारसँग जोडी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याइने छ। उपयुक्त नीतिगत पहलहरुका माध्यमबाट असंगठितरुपमा कृषि पेसा अंगाल्नेहरुको पनि उत्पादकत्व र आयआर्जनमा सुधार ल्याईने छ।

१०.८ निर्वाहमुखी उत्पादन प्रणालीलाई व्यावसायिकीकरण तथा आधुनिकीकरण गर्दै लैजानका लागि भूमिको चक्लाबन्दी, सहकारी र सामूहिक खेतीको अवधारणा प्रयोगमा ल्याईनुका साथै साना बचत परिचालन र प्राविधिक सीप विस्तारमा जोड दिइने छ।

१०.९ सहकारीहरुलाई उत्पादन क्रियाकलापको प्रारम्भदेखि उत्पादनको बजारीकरणसम्म प्रभावकारी रुपमा परिचालन गरिने छ।

१०.१० खाद्य गुणस्तर नियन्त्रणका लागि स्थानीय तहमा रहेका कृषि विकास कार्यालय, पशुसेवा कार्यालय, सहकारी कार्यालय समेतको सहयोगमा कृषकहरुको सेवा खरिद तथा विक्री गर्न कृषि सहकारीमार्फत स्थानीय कृषक समुहलाई सक्षम बनाइने छ।

१०.११ रोजगारीका लागि उद्यमशीलता तथा स्वरोजगार सम्बन्धी तालिमहरु ग्रामीण इलाकाका युवा, महिला, मधेसी, आदिवासी जनजाती, मुस्लिम, अशक्त, दलित, पिछडिएको क्षेत्र, द्वन्द पिडित, जोखिममा रहेका, सीमान्तकृत तथा अल्पसंख्यक समुदायहरुलाई प्रदान गरिनेछ ।

१०.१२ सरकारी तथा निजी तवरबाट सञ्चालित कृषि तथा पशु सेवा केन्द्रहरु, कृषि तथा पशु बिमा, सामुदायिक खेती, जमिन भाडामा लिएर गरिएको खेती (Lease Farming) शित भण्डार, कृषि-प्रशोधन तथा खाद्य प्रशोधन प्रवर्द्धन गर्न कृषकहरुको नेतृत्व विकास मार्फत ग्रामीण क्षेत्रमा बसोबास गर्ने युवाको स्वरोजगारलाई प्रोत्साहन गरिने छ।

१०.१३ कृषिमा क्षेत्रमा जैविक र श्रमिकहरुको भौतिक सुरक्षाको लागि विषादी प्रयोगमा न्यूनिकरण गर्ने तथा त्यसको प्रयोग गर्दा सुरक्षा सम्बन्धी प्रविधिलाई प्रयोगमा अनिवार्य गरिनेछ।

१०.१४ निजी क्षेत्रमार्फत रोजगारी सिर्जना गर्ने व्यवसायिक कृषि उत्पादनलाई प्राथमिकता दिई रोजगारी सृजनाका आधारमा सहुलियत र सहायता उपलब्ध गराईने छ।

## उत्पादन क्षेत्र (Manufacturing Sector)

### नीतिहरु

१०.१५ औद्योगिक व्यवसाय स्थापनाका निम्ति सहजीकरण गर्न तथा असंगठितरुपमा स्थापित व्यवसायलाई तत्काल कानुनी दायरामा ल्याउन अनलाइन सेवामार्फत एकल विन्दु सेवा (One-Stop-Service) प्रणाली स्थापना गर्न प्रोत्साहित गरिने छ।

१०.१६ स्थानीय श्रममा आधारित उद्योगहरुको स्थापनालाई प्रोत्साहित गरिने छ।

१०.१७ क्षेत्रीय असन्तुलनलाई सम्बोधन गर्न सक्ने रोजगारमा आधारित उद्योगलाई प्राथमिकता दिइने छ। तुलनात्मक रुपमा पछाडी परेका र न्यून विकास भएका क्षेत्रमा लगानी प्रबर्द्धन गर्न प्रोत्साहन र विशेष सुविधा उपलब्ध गराइनेछ।

१०.१८ उत्पादनशील रोजगारी सिर्जना गर्न उच्च सम्भावना रहेका उत्पादन उप-क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित र प्रोत्साहित गरिने छ।

१०.१९ सबै स्तरका उद्योगहरुमाझ अग्र र पृष्ठ सम्बन्ध (Forward and Backward linkage) स्थापना गर्ने वातावरण सिर्जना गरिने छ तथा उद्योगहरुमा व्यवसायीक व्यवस्थापन (Professional Management) अपनाउन प्रोत्साहन गरिने छ।

१०.२० छिमेकी र अन्य मित्र राष्ट्रहरुसँगको व्यापारिक सम्बन्धबाट फाइदा लिन सक्ने किसिमका साना, मझौला र ठूला उद्योगहरुको विकास र विस्तार गरिने छ।

१०.२१ साना तथा स्थानीय स्तरका रोजगार-उन्मुख उद्योगहरुलाई वित्तीय, संस्थागत र प्राविधिक सहायताको माध्यमबाट सबलीकरण गरिने छ।ग्रामीण क्षेत्रहरुमा स्थानीय स्रोतसाधनमा आधारित उद्योगहरुमा लगानी प्रवर्द्धन गर्न व्यावसायिक कला र सीप विकासका विविध प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिने छन्।

१०.२२ श्रम उत्पादकत्व वृद्धि गर्नका निम्ति उत्पादन फर्महरुलाई आफ्ना उत्पादन र प्रक्रियामा सुधार ल्याउन तथा मूल्य शृङ्खलालाई तीव्र गतिमा अगाडी बढाउन प्रोत्साहन गरिने छ।

१०.२३ उद्योगहरुको सुरक्षाका निमित्त औद्योगिक सुरक्षा बललाई आवश्यक पर्ने भौतिक संरचना निर्माण गरीने छ।

१०.२४ कामदार/कर्मचारी र रोजगारदाता बीच सुमधुर सम्बन्ध कायम गराई असल औद्योगिक सम्बन्ध कायम गर्न जोड दिइने छ।

## निर्माण क्षेत्र (Construction Sector)

### नीतिहरु

१०.२५ पूर्वाधार क्षेत्रमा दक्ष जनशक्ति उपलब्ध गराउन सो सम्बन्धी आबश्यक तालिम तथा गुणस्तरमा उल्लेखनीय वृद्धि गरिनेछ।विदेशबाट सीप तथा अनुभव हासिल गरी स्वदेश फर्किएका दक्ष व्यक्तिलाई स्वदेश भित्रै रोजगार उपलब्ध गराउन निजी क्षेत्रका निर्माण व्यवसायीलाई प्रोत्साहन गरिने छ।

१०.२६ पुर्बाधार निर्माण क्षेत्रमा दीगो रोजगारीका अवसर सिर्जना गर्न सीप विकास कार्यक्रमलाई मुख्य अंगको रुपमा विकास गरिने छ।

१०.२७ ग्रामीण सडक निर्माणमा निजी क्षेत्रको सहभागितालाई श्रममा-आधारित प्रविधिहरुको उपयोग गर्न प्रोत्साहित गरिने छ।

१०.२८ सडक सञ्जालको आधारभूत निर्माण, विस्तार,मर्मत, संभार तथा सुधार गर्दा रोजगारीमा पर्ने प्रभावका आधारमा प्राथमिकता दिइने छ।सडक परियोजनाहरु निर्माण गर्दा स्थानीय सीप, स्रोतसाधनको उच्चतम प्रयोग गरी बढी रोजगारीका अवसर सिर्जना गर्न जोड दिइनेछ।

१०.२९ उच्च र न्यून दुवै किसिमका सीप भएका रोजगारी सिर्जनाका निम्ति सम्भाव्य जलविद्युत् परियोजनाहरुको कार्यान्वयनका लागि सकारात्मक वातावरण सृजना गरिने छ।

१०.३० सिँचाईं सुविधाको विकासका लागि स्थानीय स्रोतसाधनको परिचालनमा जोड दिई कृषि रोजगारीमा वृद्धि गरिने छ।

## पर्यटन क्षेत्र (Tourism Sector)

### नीतिहरु

१०.३१ तुलनात्मक लाभ रहेको र बढी रोजगारी सृजना हुने ग्रामीण पर्यटनलाई बिशेष प्राथमिकता दिइने छ। ग्रामीण पर्यटन योजना अन्तर्गत पर्यटकीय गन्तव्य र पर्यटकीय उत्पादनलाई विविधीकरण र विस्तार गरी थप रोजगारीका अवसर सिर्जना गरिने छ।

१०.३२ पर्यटकहरुको बसाईको अबधी बढाउन संख्यात्मक र गुणात्मक पर्यटनलाई लक्षित गरी प्रभावकारी कार्यक्रमहरु ल्याईने छ।

१०.३३ देशभित्र रहेका अथाह पर्यटन गन्तव्यहरुको पहिचान, बिकास र बिस्तारका लागि नयाँ पदमार्ग (Trekking Route) हरु खोली थप आय र रोजगारीका अवसर सृजना गरिने छ।

१०.३४ पर्यटन क्षेत्रको विकासका निम्ति लगानी प्रबर्द्धन गर्दै ट्राभल तथा होटल व्यवसायमा सेवा तथा उत्पादनमूलक रोजगार र पेसागत दक्षता अभिवृद्धिका उपायहरु कार्यान्वयनमा ल्याइने छ ।

१०.३५ रोजगारीको गुणस्तरमा सुधार ल्याउन पर्यटन उद्योगलाई आवश्यक जनशक्ति पूर्ति गर्न मानव स्रोत विकासका निम्ति अन्तर्राष्ट्रिय स्तरका अध्ययन,अनुसन्धान र प्रशिक्षण केन्द्रहरु स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिने छ।

१०.३६ पर्यटन क्षेत्रमा रोजगारीका आवश्यकतालाई सम्बोधन गर्न अपरेसन तथा सहयोगी (फ्रन्ट अफिस, अतिथिसँगको सम्बन्ध, बन्दोबस्तीका सामान, इत्यादि) तहमा सीप विकासका कार्यक्रम सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिने छ।

१०.३७ आन्तरिक पर्यटनको प्रबर्द्धन गरी ग्रामीण रोजगार सिर्जना गर्न औपचारिक क्षेत्रका कामदार कर्मचारीहरुलाई मुलुकका विभिन्न स्थानको भ्रमण गर्न प्रोत्साहित गरिने छ।

१०.३८ स्तरीय तथा प्रर्याप्त होटेलहरुको व्यवस्था नभएका गन्तव्य तथा मार्गहरुमा सामुहिक आवास तथा खाना (Home Stay) को व्यवस्था गर्न स्थानीय समुदायलाई प्रोत्साहन दिई थप आय आर्जनलाई बृद्धि गर्न जोड दिईने छ।

१०.३९ पर्यटन विकासका माध्यमबाट सन्तुलित, समावेशी र समन्यायिक आर्थिक बृद्धि हासिल गर्दै रोजगारी सृजना, क्षेत्रीय सन्तुलन तथा गरीबी न्यूनीकरणमा योगदान गरिने छ।

## सूचना/प्रबिधि क्षेत्र (Information Technology Sector)

### नीतिहरु

१०.४० सूचना प्रविधि नीतिले आई.टी.इ.एस.बी.पी.ओ,कानुनी तथ्याङ्क आधार प्रशोधन, डिजिटल कन्टेन्टको विकास,एनिमेसन, रिमोट मेन्टिनेन्स, वित्तीय सेवा, डाटा प्रशोधन, कल सेन्टर, ब्याकअप अपरेसन जस्ता प्रमुख क्रियाकलापहरुलाई समावेश गरिसकेकाले सरकार, व्यवसायी र प्राज्ञिक संस्थाहरुबीच निकट समन्वय गरी सूचना तथा सञ्चार प्रविधिसम्बद्ध क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयनका लागि जोड दिइने छ।

१०.४१ कम्प्युटर विज्ञान, कम्प्युटर ईन्जिनियरिङ र अन्य सूचना प्रविधिसम्बन्धी विषयमा अन्तर्राष्ट्रिय मापदण्डका स्नातक र स्नातकोत्तर तहका कक्षाहरु सञ्चालन गर्न देशभित्रका विश्वविद्यालयलाई आवश्यक सहयोग प्रदान गरिने छ।

१०.४२ प्रत्येक विकास क्षेत्रमा सूचना प्रविधिका लागि आवश्यक मध्यमस्तरीय जनशक्ति तयार पार्न सूचना प्रविधिको अध्यापन, अनुसन्धान र विकासका निम्ति निजी क्षेत्रलाई प्रोत्साहित गरिने छ।

१०.४३ विद्यालय तहदेखि नै कम्प्युटर शिक्षा प्रदान गर्न जोड दिइने छ। विश्वविद्यालय र सार्वजनिक विद्यालयहरुलाई कम्प्युटर शिक्षा व्यवस्थित किसिमबाट सञ्चालन गर्नका निम्ति ईन्टरनेट सुविधा निःशुल्क उपलब्ध गराइने छ।

१०.४४ सूचना प्रविधि विषयमा उच्च शिक्षा प्राप्त गर्न चाहने दुर्गम क्षेत्रका गरीब र जेहेन्दार विद्यार्थीहरुलाई आवश्यक छात्रवृत्ति प्रदान गरिने छ।

१०.४५ सूचना प्रविधिको विकासका निम्ति निजी क्षेत्रको सहभागितामा विभिन्न स्थानमा भौतिक तथा भर्चुअल सूचना प्रविधि विकास गरी आई.सी.टी. र बी.पी.ओ. क्षेत्रमा रोजगार वृद्धि गरिने छ।

१०.४६ सूचना प्रविधिको प्रयोगमा सुधार ल्याई ई-शिक्षा, ई-स्वास्थ्य र ई-गर्भनेन्स जस्ता क्षेत्रको प्रबर्द्धन र ग्रामीण क्षेत्रमा सूचना प्रविधिका साधन पुऱ्याई रोजगार सिर्जना गरिने छ।

१०.४७ सार्वजनिक र निजी क्षेत्रको संयुक्त साझेदारीमा संयुक्त पूँजिकोष (venture capital fund) स्थापना गरिने छ र ग्रामीण क्षेत्रका युवासँग सहकार्य गरी ग्रामीण रोजगार सिर्जना गर्न उनीहरुको ऋण सहयोगमा सहज पहुँच पुऱ्याइने छ।

१०.४८ Business Processing Outsourcing को लागि आवश्यक सूचनाको प्रयोगमा कानुनी अधिकार उपलब्ध गराउन आवश्यक कानुनहरुको व्यवस्था गरिने छ।

## जलस्रोत/उर्जा (Water-Resource/Energy)

नीतिहरु

१०.४९ देशमा आबश्यकता, संभाब्यता र क्षमताका आधारमा ठुला, मझौला र साना जलबिद्युत आयोजनाको निर्माण गरी प्रत्यक्ष रोजगार सृजनामा जोड दिइने छ।

१०.५० ठुला जलबिद्युत आयोजनाहरु संचालन गर्न अन्तर्राष्ट्रिय पूँजी र प्रबिधिलाई आकर्षित गरिने छ साथै स्थानीय श्रमको उपयोग गरिने छ।

१०.५१ मझौला जलबिद्युत आयोजनाहरुको निर्माण गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय पूँजीकोषको ब्यबस्था गर्न प्रयत्न गरिने छ।यस प्रकारका आयोजनाहरुमा स्वदेशी सीप, प्रबिधि र जनशक्ती उपयोग गर्न जोड दिईने छ।

१०.५२ साना जलबिद्युत आयोजनाहरु पूर्ण रुपमा स्थानीय पूँजी र प्रबिधिमा आधारित हुने छन्।यस्ता आयोजनाहरुमा उपलब्ध भएसम्म उच्च दक्ष जनशक्तिको अलावा अन्य कामदार कर्मचारीहरु स्थानीय क्षेत्रबाट आपुर्ति गर्न जोड दिईने छ।

१०.५३ मुलुकमा जलशक्तिका अतिरिक्त अन्य उर्जाका क्षेत्रहरु प्रचुर मात्रामा उपलब्ध भएको हुँदा लागत लाभको आधारमा त्यस्ता स्रोतहरुको पहिचान गरी स्थानीय रुपमा रोजगारी सृजना गर्न जोड दिईने छ।

## ११. उद्देश्य २ सँग सम्बन्धित नीतिहरुः अनौपचारिक रोजगारीलाई क्रमशः औपचारिक पद्धतिमा रुपान्तरण गर्दै रोजगारीको गुणस्तरमा सुधार ल्याउने,

नीतिहरु

११.१ लघु, साना तथा मझौला उद्यम समेतका व्यवसाय आरम्भ गर्न उद्यमशीलता तालिम तथा व्यवसाय विकास सेवा प्रदान गरीने छ।साथै, व्यवसाय बिस्तार गर्न र ठूलो लगानीबाट लाभ लिन सक्षम वातावरण सिर्जना गर्न आवश्यक नीति र कार्यक्रमहरु निर्माण गरिने छ।

११.२ युवा, महिला, आदिवासी जनजाती तथा सीमान्तकृत समूहहरुद्वारा लघु, साना तथा मझौला उद्यमहरुको स्थापना र विस्तार गर्न कर्जा, सूचना र व्यवसाय विकास सेवाको पहुँचलाई वृद्धि गरिने छ।

११.३ अनौपचारिक क्षेत्रका कामदारलाई अनौपचारिक तरिकाबाट (जस्तै रात्रि विद्यालय, दूर शिक्षा, इत्यादि) वा संभव भएसम्म अनुदानयुक्त व्यावसायिक तालिम मार्फत थप शिक्षा हासिल गर्न अवसर दिने नीति लिइने छ। अनौपचारिक तरिकाबाट प्राप्त सीप, तालिम वा दक्षतालाई औपचारिक शिक्षा प्रणालीसरह बनाउन शिक्षामा निरन्तरता, रोजगारउन्मुख तालिम र पुनः तालिमका अवसरहरु प्रदान गरिने छ।

११.४ लघुवित्त संस्थाहरुको नियमन गर्ने तथा उनीहरुलाई निश्चित मात्रामा डिपोजिट लिन पाउने व्यवस्थाका लागि सकारात्मक कानुनी वातावरण निर्माण गरिने छ र लघुवित्त संस्थाहरु मार्फत गरीब र सीमान्तकृत वर्गको आय आर्जनका गतिविधिहरुमा सहयोग पुऱ्याउने नीति अवलम्बन गरिने छ।

११.५ माध्यमिक तथा उच्च माध्यमिक तह उत्तीर्ण गरेपछि आवश्यकता अनुसार प्राविधिक विषय अध्ययन गर्न विशेष प्राथमिकता दिइने छ र प्राविधिक जनशक्तिको कमी हुन दिईने छैन।

११.६ रोजगार बिनिमय संस्था तथा अन्य रोजगार पसलहरु श्रमिक सहकारिताको ढाँचामा सञ्चालन गर्न प्रोत्साहित गरिने छ।

११.७ अनौपचारिक क्षेत्रमा संलग्न सबै नागरिकहरुलाई क्रमशः सामाजिक सुरक्षा योजनासँग आबद्ध गरी सामाजिक सुरक्षाको सुनिश्चितता गरिने छ।

११.८ श्रमसँग सम्बन्धित ऐन र नियमावलीहरुलाई रोजगार प्रबर्द्धनको दृष्टिकोण तथा परिवर्तित परिस्थितिको आवश्यकता बमोजिम संशोधन गरी समयसापेक्ष बनाइने छ।

११.९ दलित, लोपोन्मुख, सीमान्तकृत र पिछडिएका समुदायका परम्परागत पेसालाई सहकारिमा संगठित गरी आधुनिक व्यवसायका रुपमा रुपान्तरण गरी व्यवस्थित र उत्पादनशील बनाउन प्रोत्साहित गरिने छ।

## १२. उद्देश्य ३ सँग सम्बन्धित नीतिहरुः श्रम बजारको आवश्यकता अनुसारको ज्ञान र सीपमा आधारित श्रम शक्ति तयार पार्ने उपयुक्त अवसरहरु सिर्जना गर्ने

नीतिहरु

१२.१ राष्ट्रिय शिक्षा तथा मानवस्रोत विकासका नीतिहरुले परिलक्षित गरेबमोजिम मुलुकमा आवश्यक सीपयुक्त जनशक्ति तयार पार्नका लागि सम्वद्ध निकायहरुबीच प्रभावकारी समन्वय स्थापित गरिने छ।

१२.२ सरकारी, गैरसरकारी तथा निजी क्षेत्रद्वारा संचालित केन्द्रीय तथा स्थानीय स्तरका तालिम संस्थाहरुको क्षमता अभिवृद्धि गरी बजारले माग गरेका तालिमका क्षेत्रहरुको विस्तार गर्दै लगिने छ।

१२.३ माध्यमिक तहको शिक्षामा गरीब र अवसरविहीन समूहहरु (दलित, आदिवासी-जनजाति,मधेसी, मुस्लिम)का बालबालिकाहरुको पहुँच वृद्धि गर्नका लागि सञ्चालन हुने विशेष कार्यक्रम(विद्यालय पोशाक र पुस्तकको मूल्य, विद्यालय प्रवेश शुल्क जस्ता अदृश्य शुल्कहरु हटाउने, लक्षित छात्रवृत्ति उपलब्ध गराउने, इत्यादि) लाई थप प्रोत्साहनसहित विस्तार गरिने छ भने बीचैमा औपचारिक शिक्षा छोडेका जनशक्तिलाई आवश्यकता र रुचिको आधारमा सीपमूलक शिक्षा प्रदान गरी दक्ष बनाइने छ।

१२.४ गैससहरु,स्थानीय निकायहरु, विद्यालय र निजी क्षेत्रको संलग्नतामा सञ्चालन हुने कानुनी साक्षरता समेतका साक्षरता कार्यक्रमहरुले महिला,दलित, आदिवासी-जनजाति, मधेसी, सीमान्तकृत समुदाय र अशक्तहरुलाई लक्षित गरी रोजगारयोग्य (Employability) बनाइने छ।

१२.५ स्थानीय तहमा स्थापना भएका आधारभूत शिक्षा सञ्जालको भूमिकालाई प्रभावकारी बनाई भर्ना दर वृद्धि गर्न तथा विद्यालय छाड्ने दरमा कमी ल्याउन, विद्यालयहरुमा प्रोत्साहन उपलब्ध गराउन, लक्षित र बञ्चितीमा परेका समुदायलाई छात्रवृत्ति प्रदान गरी रोजगार प्राप्त गर्न सक्षम बनाईने छ।

१२.६ औपचारिक शिक्षालाई पनि सीपमूलक शिक्षा प्रदान गर्ने तर्फ उन्मुख गरिने छ।

१२.७ विद्यालय शिक्षकको पेसागत दक्षता बढाउन र शिक्षण सिकाई सामग्रीमा सुधार गर्न विभिन्न कार्यक्रमहरु बनाई कार्यान्वयन गरिनेछ।शिक्षकहरुको कार्यसम्पादन स्तरमा सुधार गरी दक्ष जनशक्ति उत्पादन गर्न सक्ने बनाउन क्षमतामा आधारित सेकालीन तालीम दिने नीति लिईने छ।

१२.८ उच्च तहको प्राविधिक शिक्षामा आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत समुदायको पहुँच बढाउन र गुणस्तर सुधार गर्न छात्रवृत्ति, विद्यार्थी कर्जा तथा आर्थिक सहायता प्रदान गरिने छ।

१२.९ विद्यालय शिक्षाको अन्तिम तह (उच्च माध्यमिक तह) र चाँडै विद्यालय छाड्ने सबैका निम्ति करिअर परामर्शलाई अनिवार्यरुपमा प्रयोगमा ल्याइने छ।अपाङ्गता भएका व्यक्तिहरुको रोजगारीमा पहुँच विस्तार गर्न उनीहरुलाई लक्षित गरी रोजगारमूलक तालिम र अपाङ्गमैत्री पूर्वाधारहरुको विस्तार गर्दै लगिने छ।

१२.१० रोजगार प्राप्तीका निम्ति व्यावसायिक शिक्षा तथा तालिमलाई प्रबर्द्धन गर्न सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ।युवा उद्यमशीलता प्रबर्द्धन गर्न आम सञ्चारका माध्यमबाट सार्वजनिक सचेतना अभियान संचालन गरिने छ।

१२.११ काम र कामदारलाई सम्मान गर्ने संस्कृतिको विकास गर्न सचेतना अभियानमा जोड दिइने छ।

१२.१२ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रममा "व्यवसायको प्रारम्भ र सुधार गरौं" (Start and Improve your Business - SIYB) विषयक तालिम संरचनालाई प्रयोगमा ल्याइनेछ र क्षमता अभिवृद्धिका कार्यक्रमहरु कार्यान्वयनका लागि जोड दिइने छ।

१२.१३ विद्यालय प्रणाली (व्यावसायिक तथा साधारण विद्यालय) मा "व्यवसायका बारेमा बुझौं" (Know About Business - KAB) कार्यक्रम समावेश गरिने छ।

१२.१४ औपचारिक शिक्षा प्रणालीमा पनि व्यावसायिक शिक्षा तथा तालिम कोर्सका सामग्री समावेश गरिने छ ।समय समयमा रोजगारदाताहरुलाई आमन्त्रण गर्ने र प्रशिक्षार्थीसँग अन्तक्रिया कार्यक्रम सञ्चालन गर्ने तथा रोजगारदाताहरुसँग समन्वय गरी कार्यस्थल प्रशिक्षण (On the Job Training) सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईने छ।

## १३. उद्देश्य ४ सँग सम्बन्धित नीतिहरुः आप्रवासी तथा प्रवासी कामदारको उपयुक्त व्यवस्थापन गर्ने।

नीतिहरु

१३.१ कामदार तथा वैदेशिक रोजगार व्यवसायीले सम्बन्धित विभागसमक्ष आई तलव तथा सेवा सुविधा सम्बन्धमा करारनामा गर्नुपर्ने व्यवस्था लागू गरिने छ।

१३.२ वैदेशिक रोजगारको लागि दिईने सेवालाई स्थानीय तहसम्म विस्तार गर्न सम्बन्धित निकायहरुको पुनःसंरचना गरिने छ।

१३.३ आप्रवासी कामदारको अधिकार सुनिश्चित गर्ने अन्तर्राष्ट्रिय अभिसन्धिहरुलाई क्रमशः अनुमोदन गरिने छ र कामदारको अधिकार रक्षाका लागि अन्तर्राष्ट्रिय समुदायसँग सहकार्य गरिने छ।

१३.४ गन्तव्य मुलुकहरुमा रोजगारका अवसरसम्बन्धी सूचना तथा आप्रवासनसँग सम्बन्धित जोखिमहरुका बारेमा सचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गरिने छ।

१३.५ वैदेशिक रोजगारलाई मध्यकालीन रणनीतिका रुपमा स्वीकार गरी विदेश जाने कामदारलाई उपयुक्त तालिम र सीप उपलब्ध गराइने छ।सुरक्षित वैदेशिक रोजगारका निम्ति नीतिगत तथा संस्थागत सुधारका कार्य गरिने छ भने वैदेशिक रोजगारमा जान चाहने कामदारका निम्ति तालिम कार्यक्रममा सहज पहुँच हुने गरी आबश्कतानुसार अनिवार्य तालिमको व्यवस्था गरिने छ।

१३.६ बिदेशस्थित नेपाली कूटनीतिक नियोगहरुलाई मर्यादित, सुरक्षित, लाभकारी र विश्वसनीय वैदेशिक रोजगार प्रबर्द्धनका निम्ति परिचालन गरिने छ।

१३.७ नेपाली कामदारहरुको सुरक्षा र भलाईका निम्ति गन्तव्य मुलुकहरुसँग श्रम सम्झौता गरिने छ।

१३.८ वैदेशिक रोजगारले माग गरेबमोजिमका सीपमूलक तालिम प्रदान गर्न, वैदेशिक रोजगारका निम्ति ऋण सुविधा प्रदान गर्न र अनुगमन प्रणालीलाई सबल बनाउन आबश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१३.९ वैदेशिक रोजगारमा दलित, आदिवासी-जनजाति, मधेसी, मुस्लिम युवा तथा पिछडिएका क्षेत्रका सीमान्तकृत समुदायलाई अवसर प्रदान गरिने छ।

१३.१० महिलाहरुका निम्ति सुरक्षित र मर्यादित वैदेशिक रोजगार सुनिश्चित गर्न जोड दिइने छ।

१३.११ विप्रेषण प्रणालीलाई सरल र सहज बनाई उपयुक्त योजना र कार्यक्रमका साथ विप्रेषणको प्रयोगलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिने छ। यसका लागि विप्रेषण परिचालन सम्बन्धी नीति तर्जुमा गरिने छ।

१३.१२ आप्रवासी कामदारहरुको अभिलेख तथा सूचना प्रणालीलाई व्यवस्थित तथा सबलीकृत गरिने छ।

१३.१३ बैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणजन्य आय (रकम, सीप, अनुभव, प्रविधि) लाई राष्ट्रिय उत्पादनसँग जोडी गरीवी निवारण गर्न उपयुक्त संस्थागत व्यवस्था गरिने छ।

## १४. उद्देश्य ५ सँग सम्बन्धित नीतिहरुः युवालक्षित रोजगारीका अवसरहरु सिर्जना गर्न प्राथमिकता दिने।

नीतिहरु

१४.१ सबै युवाहरुलाई रोजगारी प्रदान गर्नका लागि अरु क्षेत्रगत निकायहरुसँग समन्वय गरिने छ र युवाहरूलाई आन्तरिक रोजगारीमा उत्प्रेरित गरिने छ।

१४.२ युवा रोजगारका निम्ति प्रभावकारी कार्ययोजना तयार गरी सरोकारवाला मन्त्रालयसँगको समन्वयमा कार्यान्वयनमा ल्याइने छ ।

१४.३ महिला उद्यमशीलता विकास गर्न तथा महिलालाई उद्यमी हुन प्रोत्साहन गर्नका लागि विशेष प्रावधानहरुलाई प्रभावकारीरुपमा कार्यान्वयन गरिने छ।

१४.४ श्रम बजार कार्यक्रम तथा रोजगार सेवासम्बन्धी जानकारी दिने रोजगार बिनिमय सूचना केन्द्रहरुलाई युवा रोजगारीमा सुधार ल्याउनेतर्फ बढावा दिइने छ। रोजगार सेवा प्रदान गरिआएका सम्पूर्ण संस्थाहरुलाई तोकिएका सरकारी निकायमा दर्ता गर्न तथा उनीहरुले प्रदान गरिआएका सेवाहरुको गुणस्तर र संख्याको पर्याप्तता सुनिश्चित गर्न आबश्यकतानुसार अनुगमन तथा निरिक्षण गर्ने व्यवस्था मिलाईने छ।

१४.५ न्यून सुविधाप्राप्त र अल्प विकसित क्षेत्रमा रोजगारीका अवसरमा सुधार ल्याउन त्यस्ता क्षेत्रमा साना तथा मझौला स्तरका उद्यमहरु र ठूला निजी क्षेत्रका प्रतिष्ठानहरुबीच सब-कन्ट्राक्टको प्रावधानलाई प्रोत्साहित गरिने छ।

१४.६ आठ कक्षा भन्दा मुनिको विद्यालय शिक्षा प्राप्त गरी श्रम बजारमा प्रवेश गरेका युवालाई लक्षित गरी तालिम कार्यक्रमहरु सञ्चालन गरिने छ।

१४.७ युवाहरुका निम्ति रोजगार सम्बन्धी सूचना र कार्यक्रममा पहुँच बढाउन युवा परामर्श सेवा, स्रोत केन्द्र लगायतका आवश्यक संयन्त्रहरु निर्माण गरिने छ।

१४.८ सामाजिक र आर्थिक उद्यमशीलता विकास गरी युवालाई रोजगार, स्वरोजगार र सामाजिक कार्यहरुमा अवसर प्रदान गरिने छ।

१४.९ युवाको क्षमता र शैक्षिक स्तरमा आधारित व्यावहारिक, प्राविधिक र श्रम बजार सुहाउँदो शिक्षा र तालिममा जोड दिँदै उद्यमशीलता र स्वरोजगारलाई प्रोत्साहिन गरिने छ।

१४.१० युवाका निम्ति कृषिमा-आधारित उद्योगहरु, परम्परागत पेसा, स्थानीय स्रोतसाधनका साथै नवीनतम् र नयाँ सूचना प्रविधिलाई प्रोत्साहन गरिने छ।

१४.११ ग्रामीण, अवसरविहीन, जोखिममा रहेका सबै भौगोलिक क्षेत्रका युवालाई शिक्षा, स्वास्थ्य, तालिम र रोजगारीका अवसरमा विशेष प्राथमिकता दिइने छ।

१४.१२ हाल प्रदान गरिएका तालिम पाठ्यक्रम र तालिम कार्यक्रमहरुलाई लैंगिक संवेदनशील बनाउनेगरी पुनरावलोकन गरिने छ।

१४.१३ बेरोजगार युवाका निम्ति निश्चित समय र स्थानहरुमा रोजगार प्रत्याभूति योजना आरम्भ गरिने छ।

१४.१४ कृषि कर्जा, सामग्री तथा उपकरण (पावर टिलर, थ्रेसर, उत्पादनस्थल देखि बजारसम्म पुऱ्याउन सवारी साधन, इत्यादि) जस्ता कृषि सहायता उपलब्ध गराई स्थानीय तहमा रोजगारी प्राप्त गर्न युवालाई विशेष प्रोत्साहित गरिने छ। कृषिको आधुनिकीकरण र व्यावसायिकीकरणमा योगदान गर्नका लागि उनीहरुलाई प्रोत्साहित गरिने छ।

१४.१५ युवा रोजगार प्रबर्द्धन केन्द्र स्थापना गरी स्थानीय तहमा युवा रोजगार कार्यक्रमलाई विस्तार तथा अन्तर निकायहरुका बीचमा समन्वय गरिने छ।

१४.१६ स्वदेश तथा विदेशको श्रम बजारको माग बमोजिम प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गरी युवालाई आवश्यक सीपबाट सुसज्जित गरिने छ।

## १५. उद्देश्य ६ सँग सम्बन्धित नीतिहरुः अनुसन्धानमा आधारित आधुनिक सूचना प्रणालीको प्रयोग बढाउदै श्रम बजारलाई सबल बनाउने।

नीतिहरु

१५.१ निश्चित समयावधीमा राष्ट्रिय श्रमशक्ति सर्भेक्षण गरिने तथा नियमित रोजगार प्रवृत्तिसम्बन्धी प्रतिवेदन मार्फत सुचना प्रवाह गर्ने व्यवस्था मिलाइने छ।

१५.२ श्रम मागको आधारमा आवश्यक तथा उपलब्ध सीपको अन्तर पहिचान गरी सोको सूचना प्रवाहलाई प्रभावकारी बनाइने छ।

१५.३ सीप विकास प्रणालीको मापदण्ड, निर्देशिका र कार्यदिशमा सामान्जस्यता तथा स्पष्ट सुधार ल्याउन प्रयत्न गरिने छ।

१५.४ श्रम तथा रोजगार मन्त्रालयलाई स्रोतसाधन सम्पन्न बनाई श्रम बजार सूचना विश्लेषण इकाई स्थापना गरिने छ र सम्बन्धित सरोकारवालाहरुको श्रम बजार सूचना विश्लेषण गर्ने क्षमतामा सुधार ल्याइने छ।

१५.५ केही पेसा र जिल्ला समेट्ने गरी स्थापना गरिने संगठन, प्रणाली र कार्यविधि सहितको नमुना परियोजनाको रुपमा रोजगार सूचना विनिमय सेवा सञ्चालनलाई जोड दिइने छ। नमुना परियोजनाबाट सिकेका पाठलाई राष्ट्रव्यापी कार्यक्रमको रुपमा प्रयोगमा ल्याईने छ।

१५.६ ग्रामीण तथा सहरी क्षेत्रका युवाहरुलाई श्रम बजारसम्बन्धी सूचना आदान प्रदान गर्न करिअर निर्देशन तथा (Career Counseling) परामर्श कार्यक्रम संचालन गरिने छ।

१५.७ रोजगार सूचना केन्द्रलाई रोजगार सूचना विनिमयको रुपमा विकसित गरिनेछ। यो केन्द्रले श्रम बजारमा रहेको जनशक्तिको माग, बेरोजगार र बेरोजगारको सीपको सूची बनाइ माग र आपूर्तिकर्ता बीच सूचनाको आदानप्रदान गर्नेछ। यस्तो केन्द्रलाई सहकारीको माध्यमबाट व्यवस्थापन गर्न प्रोत्साहीत गरिने छ।

१५.८ पहिचान गरिएका गरिब नागरिकहरुको लागि निःशुल्क सीपमुलक तालिम/प्रशिक्षण दिने व्यवस्था मिलाइने छ।

## १६. उद्देश्य ७ सँग सम्बन्धित नीतिहरुः सुमधुर औद्योगिक सम्बन्ध विकास गरी रोजगार मैत्री लगानीमा प्रोत्साहन गर्ने।

नीतिहरु

१६.१ जलविद्युत्, पूर्वाधार निर्माण, पर्यटन, ठूलास्तरका उत्पादन उद्योगहरु र सूचना तथा सञ्चार प्रविधि जस्ता क्षेत्रमा विदेशी लगानी आकर्षित गरिने छ जसले रोजगारीका अवसरहरु सिर्जना गर्ने छ।

१६.२ ठुला उद्योगहरुमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न त्यस्ता उद्योगले सिर्जना गर्ने रोजगारीको आधारमा विविध प्रोत्साहन सेवा तथा सुविधा उपलव्ध गराइने छ र यस्ता सेवा तथा सुविधा प्रदान गर्ने प्रक्रियालाई सरलीकृत गरिनेछ।

१६.३ विदेशस्थित नेपाली कुटनीतिक नियोगहरुलाई प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न प्रभावकारी परिचालनका गरिने छ।

१६.४ स्वदेशी र विदेशी संयुक्त लगानीमा संचालन हुने व्यवसायलाई प्रोत्साहित गर्न ऐन कानूनलाई समय सापेक्ष सुधार गरिने छ।

१६.५ धेरै रोजगारी सृजना गर्ने वैदेशिक लगानीकर्ताहरुलाई भिसा सरलीकरण गरिने छ।

१६.६ निजी तथा सार्वजनिक क्षेत्रबाट पहिचान गरिएका परियोजनाहरु संचालनका लागि प्रत्यक्ष वैदेशिक लगानी जुटाउन सरकारले नीजि क्षेत्रसंग साझेदारी गर्ने वातावरण बनाउने छ।

१६.७ उत्कृष्ट उद्यमीहरुलाई रोजगारी सिर्जनाका आधारमा राज्यबाट पुरस्कृत गर्ने व्यवस्था गरिने छ।

१६.८ "मर्यादित काम" (Decent Work) को अवधारणा र अन्तर्राष्ट्रिय श्रम संगठनका मापदण्डहरु (International Labour Standards) अनुरुप श्रम सम्बन्धहरुको विकास गरी रोजगारीलाई गरिवी निवारण गर्ने आधारशिलाको रुपमा अबलम्बन गरिने छ।

१६.९ सुमधुर औद्योगिक सम्बन्धको विकास गरी उत्पादकत्व वृद्धिका लागि सरकार, रोजगारदाता र कामदारहरुबीच त्रिपक्षीय तथा द्विपक्षीय परामर्श र सहकार्यलाई निरन्तर प्रोत्साहित गरिने छ।

१६.१० रोजगारीको क्षेत्रमा देखा पर्ने लैंगिक, भौगोलिक, जातिगत वा अन्य कुनै पनि प्रकारको भेदभावलाई क्रमशः हटाउदै लैजान आबश्यक कार्यक्रमहरु संचालन गरिने छ।

१६.११ त्रिपक्षीय एवं द्विपक्षीय सामाजिक सम्बाद (Social Dialouge) लाई औद्योगिक सम्बन्धको विकास, विवाद समाधान तथा नीति निर्माण प्रक्रियाको तहसम्म संस्थागत गर्न प्रोत्साहित गरिने छ।

१६.१२ सामाजिक सम्बादलाई प्रभावकारी बनाउनका लागि सबै त्रिपक्षीय एवं द्विपक्षीय संयन्त्रहरुमा समान र सन्तुलित प्रतिनिधित्वमा जोड दिईनेछ।

## १७. रणनीति र कार्यान्वयन संयन्त्र

१७.१ राष्ट्रिय रोजगार नीति रोजगारी सृजना गर्न समग्र छाता नीति (Umbrella Policy) को रुपमा कार्य गर्नेछ तथा यसै नीतिको परिधिभित्र रही सम्बन्धित निकायहरुले रणनीतिहरु र कार्यनीतिहरु तयार गरी कार्यान्वयन गर्नुपर्ने छ।

१७.२ रोजगारी सिर्जना अन्तरसम्बन्धित विषय (Cross Cutting Issue) भएकोले यस राष्ट्रिय रोजगार नीतिको कार्यान्वयनमा विभिन्न मन्त्रालय, विभाग, निकायहरु र निजी क्षेत्रका सरोकारवालाहरुको जिम्मेवारी हुने छ। रोजगारीलाई क्षेत्रगत नीति तथा कार्यक्रमहरुमा समाहित गरेको सुनिश्चित गर्न तथा नीति योजनाका नतिजालाई अनुगमन गर्न संस्थागत संरचना निर्माण गरिने छ।

१७.३ राष्ट्रिय रोजगार नीतिको कार्यान्वयनको अबस्थालाई वार्षिक रुपमा समीक्षा गरिनेछ भने हरेक ५ वर्षमा आवधिक समिक्षा गरिने छ।

१७.४ प्रभावकारी तालिम कार्यक्रम मार्फत सम्बद्ध मन्त्रालयहरु र विभागहरुमा रोजगार केन्द्रीत लक्ष्यको विकास र अनुगमन गर्ने क्षमता अभिवृद्धि गरिने छ जसले रोजगार केन्द्रीत लक्ष्यलाई सम्बोधन गर्ने समग्र योजना, नीति र रणनीतिमा रोजगार लक्ष्यलाई समायोजन गर्नेछ।

१७.५ सार्वजनिक लगानी, परियोजना, कार्यक्रम एवं नीतिले रोजगारीमा परेको प्रभाव सम्बन्धमा सम्बद्ध मन्त्रालय विभाग र विभिन्न निकायहरुबाट सम्पन्न गतिविधिहरुको प्रभावका बारेमा आवधिक प्रतिवेदन तयार गर्न निर्देशिका बनाइने छ।

१७.६ नेपालमा श्रम तथा रोजगारसंग सम्बन्धित अनुसन्धान कार्य गर्नको लागि एक राष्ट्रिय श्रम तथा रोजगार अनुसन्धान प्रतिष्ठानको स्थापना गरिनेछ। उक्त प्रतिष्ठानले श्रम तथा रोजगार मन्त्रालयलाई नितिगत सुझाव दिने छ।

१७.७ राष्ट्रिय रोजगार नीतिको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन तथा समन्वयको कार्य श्रम तथा रोजगार मन्त्रालयले गर्नेछ। नीतिको अनुगमन र मूल्याङ्कनसम्बन्धी कार्य राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन समितिको समग्र निर्देशनमा हुनेछ। **अनुसूची -१** बमोजिम गठीत राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन समितिले विभिन्न सरोकारवालाहरुबाट गरिने क्रियाकलापहरुको समन्वय गर्ने तथा नीतिको कार्यान्वयनका लागि स्रोतसाधनको परिचालन गर्न सम्बन्धित निकायहरुलाई नीतिगत मार्गनिर्देश गर्नेछ। यस मूल्याङ्कन समितिको बैठक वर्षमा कम्तिमा दुई पटक बस्नेछ।

१७.८ श्रम तथा रोजगार मन्त्रालयले उक्त समितिको सचिवालयका रुपमा कार्य गर्नेछ र नीतिको कार्यान्वयनका सन्दर्भमा बार्षिक अनुगमन र प्रगति समीक्षा गर्नेछ। यो जिम्मेवारी पूरा गर्न श्रम तथा रोजगार मन्त्रालयलाई साधन स्रोत सम्पन्न गराइने छ।

१७.९ नीतिको कार्यान्वयनमा सुधार ल्याउन र नीति-निर्माण प्रक्रियामा रोजगारीका उद्देश्यहरुलाई समायोजन गर्न तालिम र स्रोत विनियोजन मार्फत सरोकारवालाहरुको क्षमता अभिवृद्धि गरिने छ।

१७.१० व्यावसायिक तथा सीप विकास सम्बन्धी तालिम प्रदायक संस्थाहरुलाई एउटै छातामुनि ल्याई गुणस्तरयुक्त तालिम प्रदान गर्ने व्यवस्था मिलाइने छ। सोको लागि **अनुसूची-१** बमोजिमको संस्थागत संरचनाको व्यवस्था गरिने छ।

## ८ खारेजी र बचाउ

१८.१ श्रम तथा रोजगार नीति, २०६२ खारेज गरिएको छ। उक्त नीति अनुसार भए गरेका कार्यहरू यसै राष्ट्रिय रोजगार नीति, २०७१ अनुसार भए गरेको मानिने छ।

अनुसूची १

## राष्ट्रिय रोजगार नीति अनुगमन तथा मूल्याङ्कन समिति

(दफा १७.७ संग सम्बन्धित)

| | | |
|---|---|---|
| १. | मन्त्री /राज्यमन्त्री, श्रम तथा रोजगार मन्त्रालय | अध्यक्ष |
| २. | सहायक मन्त्री, श्रम तथा रोजगार मन्त्रालय | उपाध्यक्ष |
| ३. | सदस्य, राष्ट्रिय योजना आयोग | सदस्य |
| ४. | सचिव, श्रम तथा रोजगार मन्त्रालय | सदस्य |
| ५. | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय | सदस्य |
| ६. | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ७. | सचिव, उद्योग मन्त्रालय | सदस्य |
| ८. | सचिव, कानुन, न्याय, संविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालय | सदस्य |
| ९. | सचिव, कृषि विकास मन्त्रालय | सदस्य |
| १०. | सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सदस्य |
| ११. | सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| १२. | सचिव, शिक्षा मन्त्रालय | सदस्य |
| १३. | सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| १४ | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| १५. | सचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सदस्य |
| १६. | सचिव, युवा तथा खेलकूद मन्त्रालय | सदस्य |
| १७. | सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| १८. | प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासङ्घ | सदस्य |
| १९. | प्रतिनिधि, नेपाल उद्योग परिसङ्घ | सदस्य |
| २०. | प्रतिनिधि,नेपाल चेम्बर्स अफ कमर्स | सदस्य |
| २१. | प्रतिनिधि, संयुक्त ट्रेड युनियन समन्वय केन्द्र | २ सदस्य |
| २२. | सहसचिव, श्रम तथा रोजगार मन्त्रालय(सम्बन्धित महाशाखा हेर्ने) | सदस्य-सचिव |

अनुसूची २

## सीप बिकास राष्ट्रिय तालीम व्यवस्थापन समिति

(दफा १७.१० संग सम्बन्धित)

| | | |
|---|---|---|
| १. | सचिव, श्रम तथा रोजगार मन्त्रालय | अध्यक्ष |
| २. | सह-सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय | सदस्य |
| ३. | सह-सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ४. | सह-सचिव, उद्योग मन्त्रालय | सदस्य |
| ५. | सह-सचिव, कानुन, न्याय, संविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालय | सदस्य |
| ६. | सह-सचिव, कृषि विकास मन्त्रालय | सदस्य |
| ७. | सह-सचिव, भौतिक पूर्वाधार, तथा यातायात व्यवस्था मन्त्रालय | सदस्य |
| ८. | सह-सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| ९. | सह-सचिव, शिक्षा मन्त्रालय | सदस्य |
| १०. | सह-सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| ११. | सह-सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| १२. | सह-सचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सदस्य |
| १३. | सह-सचिव, युवा तथा खेलकूद मन्त्रालय | सदस्य |
| १४. | सह-सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| १५. | सह-सचिव, श्रम तथा रोजगार मन्त्रालय (सम्बन्धित महाशाखा हेर्ने) | सदस्य-सचिव |

उपयुक्त समितिले आवश्यकता अनुसार बिभिन्न तालीम संस्थाका प्रमुखलाई आमन्त्रण गर्न सक्ने छ।